*समिक्षाको निष्कर्ष*

वीरगंज उपमहानगरबाट आ.व.०७२।०७३ मा संचालित तपसिल वमोजिमका कार्यक्रमको वार्षिक प्रगति समिक्षा गरियो ।

*निर्णयहरु :*

१. उपमहानगरपालिका कार्यालयको आ.व.०७२।०७३ को आम्दानी खर्चको विवरण र विकास निर्माण सहितको प्रतिवेदन वैठकमा प्रस्तुत गरियो ।

२. उपमहानगरपालिका अर्न्तगत संचालित मझौला शहर एकिकृत शहरी वातावरणिय सुधार आयोजना (STI-UEIP)बाट आ.व.०७२।०७३ मा भए गरेका सम्पूर्ण कार्यक्रम र खर्च सहितको प्रतिवेदन प्रस्तुत गरी समिक्षा गरियो ।

३. कार्यालयबाट संचालित भौतिक पूर्वाधार कार्यक्रमहरु ३३२ वटा योजना भएकोमा १६७ वटा योजना अर्थात ५०.३०% सम्पन्न भएको र निर्माणाधिन योजना १६५ वटा अर्थात ४९.७०% सम्पन्न हुन वाकी रहेकोले योजनाहरु समयमा नै संचालन गरी सम्पन्न गर्न विशेष ध्यान दिनुपर्ने देखियो ।

४. आ.व.०७२।०७३ मा कुल अनुमानित व्यय रु ९५२७९३१७.०० भएकोमा परिषदबाट संशोधन अनुमान व्यय रु ९५००५८०००.०० गरिएता पनि आ.व.०७२।०७३ मा भएको यथार्थ आम्दानी रु ६२०७५८०५९.८२ अर्थात संशोधन अनुमानको ६५.३४% मात्र भएको देखियो । संशोधित अनुमान र यथार्थ आम्दानीमा अन्तर देखिनुमा नगर विकास कोषको ऋणबाट संचालन भएको वीरगंज वस टर्मिनल आयोजनाको निर्माण कार्य प्रगति सन्तोषजनक नहुन सक्दा नगर विकास कोषबाट ऋण रकम आउन नसक्नु प्रमुख कारण भएकोले संशोधित अनुमान पुरा हुन सकेन ।

५. नगरपालिकाबाट नगरवासीलाई दिइने सेवा सुविधा जस्तै सरसफाई, विद्युत, खानेपानी आदि संतोषजनक भएको र अझै प्रभावकारी एवं व्यवस्थित रुपमा संचालन गर्ने निर्णय गरियो । नगरपालिकाले नयां वडाहरु २० देखि ३० सम्म दिदै आएको सेवा सुविधा सरसफाई, विद्युतर खानेपानीमा सन्तोषजनक नदेखिएकोले उक्त वडाहरुलाई विशेष ध्यान दिनु पर्ने देखियो । उक्त नयां वडाहरुमा नक्शा पासमा दिदै आएको सुविधा पुरानो निर्माण भएको घरमा एकमुष्ठ रु ५००। र नयां निर्माण हुने घरहरुको हकमा ५० प्रतिशत राजश्व छुट यथावत नयां आ.व.मा पनि दिनुपर्ने देखिन्छ ।